# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) वीरेन्द्रनगर, सुर्खेत, जेठ १८ गते, २०८३ साल (संख्या ४

## भाग-२

कर्णाली प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

### कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (चौथो संशोधन) नियमावली, २०८३

कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४७क ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यी नियमहरुको नाम "कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (चौथो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **<u>कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ (यस पछि मूल नियमावली भनिएको) को नियम २ मा संशोधनः</u>** कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम २ को खण्ड (च) र (ज) को सट्टा देहायको खण्ड (च) र (ज) राखिएको छः

(च) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।

(ज) "सचिव" भन्नाले मन्त्रालयको शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन तथा सूचना प्रविधि क्षेत्र हेर्ने सचिव सम्झनु पर्छ।

३. **<u>मूल नियमावलीको नियम ३ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३ को उपनियम (२) को खण्ड (ख) झिकिएको छ।

४. **<u>मूल नियमावलीको नियम ४ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४ को उपनियम (५) को सट्टा देहायको उपनियम ५ राखिएको छः

(५) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले तोकेको सदस्यले अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्नेछ।

५. **<u>मूल नियमावलीको नियम ६ मा संशोधनः</u>** मूल नियमावलीको नियम ६ को उपनियम (२) को,-

(१) खण्ड (क) को सट्टा देहाएको खण्ड (क) राखिएको छः-

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश

(क) मुख्यमन्त्री -अध्यक्ष

(२) खण्ड (ख) झिकिएको छ।

(३) खण्ड (ढ) को सट्टा देहायको खण्ड (ढ) राखिएको छः

(ढ) सचिव, मन्त्रालय -सदस्य सचिव

६. **<u>मूल नियमावलीको नियम १४ मा संशोधनः</u>** मूल नियमावलीको नियम १४ को उपनियम (२) मा रहेको "मन्त्रालयको" भन्ने शब्दको पछि "खाता सञ्चालन गर्ने" भन्ने शब्दहरु थप गरिएका छन्।

७. **<u>मूल नियमावलीको नियम १७ मा संशोधनः</u>** मूल नियमावलीको नियम १७ मा रहेको "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र" भन्ने शब्दहरु झिकिएका छन्।

निर्णय मितिः २०८३।०२।१३

**आज्ञाले,**
**विपीन आचार्य**
**प्रदेश सरकारको सचिव।**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश